बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

प.सं. ०८०/०८१
च.नं. :

# सूचना ! सूचना !! सूचना !!!
## (प्रथम पटक सूचना प्रकाशन मिति २०८०/०९/२३ )

सहकारी सम्वन्धी पछिल्लो समयमा देखिएका विविध किसिमका समस्याहरु प्रति प्रचलित कानूनी व्यवस्था र सहकारीका आधारभूत सिद्धान्त र मूल्यमान्यता प्रति सम्वन्धित सवै पक्षहरुलाई जिम्मेवार हुन र हालै बनेपा नगरपालिकाले नगर सहकारी नियमावली, २०८० र सहकारी संस्थाहरुको आन्तरिक अनुगमन तथा स्व - मूल्यांकन मापदण्ड , २०८० निर्माण गरी लागू भई सकेको तथा मिति २०८०/०९/१३ गते बनेपा नगरपालिकाको नियमन क्षेत्राधिकार भित्रका सवै प्रकृतिका सहकारी संस्थाहरुका अध्यक्ष र प्रवन्धकहरुका लागि माथि उल्लेखित कानूनको कार्यान्वयन सम्वन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भई सकेको छ। सहकारी सम्वन्धी प्रचलित ऐन , यिमम , कानून र माथि उल्लेखित कानून समेतका आधारमा सम्वन्धित सवै संस्थाहरुलाई आ आफ्नो विनियम पुनर्लेखन गरी मिति २०८० माघ १३ गते भित्र बनेपा नगरपालिकामा स्वीकृतिका लागि पेश गर्न निर्देशन जारी भई सकेकोले आ आफ्नो संस्थाको साधारण सभा वा विशेष साधारण सभामा सम्वन्धित सदस्यहरु उपस्थित भई संस्थाका विभिन्न समिति तथा उप समितिमा रहेका व्यक्तिहरु यस नगरको स्थायीबासी भए नभएको र तोकिए बमोजिमको समय सीमा भित्र साधारण सभा वा विशेष साधारण सभा भएए नभएको विषयमा आवश्यक जानकारी वा सूचना यस कार्यालयलाई दिनुहुन सम्वन्धित सवैमा यो सूचना जारी गरिएको छ।

सहकारी सम्वन्धी यस कार्यालयका तपसिल बमोजिमका कार्यक्रमहरुको जानकारी पनि यहि सूचना मार्फत गराईन्छ।

१) यस नगर क्षेत्रमा मुख्य कार्यालय , शाखा कार्यालय वा सेवा केन्द्र राखी सन्चालनमा रहेका प्रदेश तथा संघीय नियमन क्षेत्राधिकार अन्तर्गतका सहकारी संस्थाहरुका प्रवन्धकहरुलाई ती संस्थाहरुसँग सम्वन्धित विषयवस्तुहरुको बारेमा मिति २०८०/१०/ ७ गते भित्र अभिमुखीकरण गर्ने।

२) मिति २०८० /०९/२९ गते भित्र नगर सहकारी नियमावली २०८० को नियम १०० को उप नियम ४ बमोजिमको समितिमा रहने सोही उप नियमको खण्ड (च) र खण्ड ( ङ ) बमोजिमका सदस्यहरुको नियुक्ति तथा मनोनयन गरिसक्ने।

३) माथि प्रकरण नं. ३ मा उल्लेख भएको समितिको सोही उप नियमको खण्ड ( छ ) मा उल्लेख भए बमोजिको सदस्यहरुका लागि मिति २०८० माघ १० गते भित्र तोकिए बमोजिमको सूची तयार गरिसक्ने।

प्रमुख प्रशासकीय अधिकृत

# बनेपा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बनेपा, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

प.सं. ०८०/०८१

च.नं. :

४) मिति २०८० /१०/२५ गते भित्र नगर सहकारी नियमावली २०८० को नियम १०० को उप नियम (४) को खण्ड ( घ ) बमोजिमका सदस्यहरुको निर्बाचन गरी सक्ने ।

५) मिति २०८० साल माघ मसान्त भित्र नगर सहकारी नियमावली २०८० को नियम १०० को उप नियम (४) बमोजिमको पूर्ण बैठक वसी सहकारीका आगामी नीति तथा कार्यक्रम र योजनाहरु तय गर्ने ।

६) मिति २०८० साल फागुन समान्त भित्र नगरको नियमन क्षेत्र भित्रका सवै प्रकृतिका सहकारी संस्थाहरुले आफू भित्र बिद्यमान रहेका सवै किसिमका समस्याहरुको पहिचान गरी त्यसमा सुधारको योजना नगरपालिकामा पेश गर्ने ।

७) मिति २०८०/१०/१७ गते सम्वन्धित संस्था , नगरपालिका र अन्य सरोकारवाला निकायहरुको समन्वयमा आवश्यक तालिमहरु सन्चालन गर्ने ।

...............................

( भोला प्रसाद चापागाई )

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत